# सप्तरी जिल्ला अदालत

राजविराज

☎ ०३१-५३१५९९
टोल फ्री नं. १६६०३१५२००५
Email: info.dcsaptari@supremecourt.gov.np

**सूचना !** **सूचना !!** **सूचना !!!**

## प्रकाशित मिति २०७८।१।१७ गते

उपर्युक्त विषयमा हाल देखिएको नयाँ भेरिएन्टसहितको कोभिड-१९ को संक्रमण देशै भरी व्यापकरुपमा विस्तार भइरहेको सन्दर्भमा यस अदालतबाट प्रदान गरिने न्यायिक सेवाहरुको हकमा देहायबमोजिम गरी नियमित र व्यवस्थित गर्न उपयुक्त हुने देखिएकोले सहमतीका लागि उच्च अदालत जनकपुर, राजविराज इजलासका मुख्य भई काम गर्ने माननीय न्यायाधीशसमक्ष लेखी पठाइएकोमा सो बमोजिम गर्नु गराउनु भनी उच्च अदालत जनकपुर, राजविराज इजलासका मुख्य भई काम गर्ने माननीय न्यायाधीशज्यूबाट मिति २०७८।१।१७ मा समर्थनसहित सहमती प्राप्त भएको हुँदा मिति २०७८।१।१९ गते आइतबारदेखि देहायमा लेखिएबमोजिम हुने गरी सेवा प्रवाहको व्यवस्था मिलाइएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट आम सेवाग्राहीहरुमा पर्न जाने असुविधाप्रति अदालत प्रशासन क्षमाप्रार्थी छ । यस सूचना सम्बन्धमा कुनै दुबिधा भए यस अदालतको टोल फ्रि नम्बर १६६०३१५२००५ मा नेपाल टेलिकमबाट लिएको जुनसुकै नम्बरबाट सम्पर्क गरी जानकारी लिन सकिने गरी व्यवस्था मिलाइएको व्यहोरासमेत जानकारी गराइन्छ ।

०७८।१।१७
............
(कुमार मास्के)
स्रेस्तेदार (उप सचिव)

<u>तपसिल</u>

- मिति ०७८।१।१९ गते आइतबारदेखि ०७८।१।२४ गते शुक्रबारसम्म देहायका ५ वटा इजलासहरुमा मात्र मुद्दा पेशी र निवेदन उपरको सुनुवाई हुनेछ :

  इजलास नं.१ मा.प्रमुख जि.न्या.श्री चन्द्रमणि ज्ञवाली, ५ नं. मा.जि.न्या.श्री नारायण प्रसाद दाहाल, ७ नं. मा.जि.न्या.श्री प्रेमप्रसाद न्यौपाने, ८ नं. मा.जि.न्या.श्री रिताकुमारी बखेल र १० नं. मा.जि.न्या.श्री अम्बिकाप्रसाद दाहाल

- मिति २०७८।१।२७ गते सोमबारदेखि ०७८।१।३१ गते शुक्रबारसम्म देहायका ५ वटा इजलासहरुमा मात्र मुद्दा पेशी र निवेदन उपरको सुनुवाई हुनेछ :

  इजलास नं.२ मा.जि.न्या.श्री राजेन्द्रकुमार श्रेष्ठ, ३ नं. मा.जि.न्या.श्री सूर्यनाथ प्रकाश अधिकारी, ४ नं. मा.जि.न्या.श्री ऋषिराम आचार्य, ६ नं. मा.जि.न्या.श्री प्रमेश पोखरेल र ९ नं. मा.जि.न्या.श्री ईश्वरमणि ओझा

  नोट : मिति ०७८।२।१ गते पछिका हप्ताहरुमा इजलास गठन सम्बन्धी पुनः सूचना प्रकाशित गरिनेछ ।
- पक्राउ पूर्जीको अनुमति, जरुरी पक्राउ पूर्जीको समर्थन, म्याद थप गर्ने कार्य अनिवार्यरुपमा अनलाइन वा भिडियो कन्फ्रेन्समार्फत गर्ने गराउने,
- अन्तिम हदम्याद भएका मुद्दा र घरेलु हिंसा मुद्दाको फिराद पत्र नियमित दर्ता गरिने, अन्य हदम्याद बाँकी रहेका मुद्दाको हकमा अन्तिम हदम्यादको अवस्था आउनु अघि दर्ताको लागि लिई आउनु भनी जानकारी गराइने,
- सम्भव भएसम्म अदालतमा दर्ता हुने फिराद र प्रतिउत्तर पत्र र अन्य निवेदन दर्ताका लागि पक्षको सट्टा वारिसमार्फत गर्ने गराउने,
- थुनुवा मुद्दाबाहेकका मुद्दामा आगामी दिनमा सेवाग्राहीको उपस्थिति न्युन गर्न साक्षीको तारेख तोकिएकोमा साक्षी हाजिर गराई निजहरुको वकपत्र पछि गर्ने गरी मिलाउने र नयाँ मुद्दामा साक्षीको तारिख श्रावण १५ पछिको तोक्ने व्यवस्था गर्ने गराउने,
- अत्यावश्यक, रोक्का र यथास्थितिमा राखी पाउँ भन्ने निवेदनबाहेकका अन्य निवेदन दर्ता र कारवाही हाललाई स्थगन गर्ने,
- मुद्दा सुनुवाईका बखत सकभर कानून व्यवसायीसँग १ जना पक्षमात्र इजलासमा उपस्थित हुने गरी व्यवस्था मिलाई दिनु पर्ने,
- फैसला र जरुरी कागजातको नक्कल लिने कार्यलाई सहजिकरण गरी सतर्कता अपनाई नियमित गर्ने गराउने ।